प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नम्बरः

मितिः २०८१।०५।१२
ने.सं ११४४ गुँलागा १० बुधवार

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर,नेपाल

निवन्ध प्रतियोगिता सम्बन्धी सूचना सम्बन्धमा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशको च.नं. २२१ मिति २०८१/०५/०६ को पत्रानुसार संविधान दिवसको अवसरमा निबन्ध प्रतियोगिता हुने भएको हुँदा संलग्न आन्तरिक मामिला तथा कानून मन्त्रालयको निवन्ध प्रतियोगिता सम्बन्धी सूचना बमोजिम मिति २०८१ भाद्र २५ गतेभित्र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर वा इमेल ठेगाना info.moial@koshi.gov.np मा आइपुग्ने गरी सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई जानकारी गराइदिनुहुन समेत कोशी प्रदेशका सबै शिक्षा विकास तथा समन्वय इकाईहरु/प्याब्सन/एन प्याब्सन/हिसान/कलेजलाई समेत अनुरोध छ ।

२०८१।५।१२

यादवप्रसाद दुलाल
उप-सचिव

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. : २०८१/०८२

च.नं. :

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

मितिः२०८१।०५।०६

११४४ गुँलागा ३ बिहिवार

## विषयः  निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।

नेपालको संविधान जारी भएको दिन असोज ३ गते मनाइने संविधान दिवसको अवसरमा यस वर्ष तपशिल बमोजिमको निबन्ध प्रतियोगिता गर्ने कार्यक्रम तय भएको हुँदा उक्त प्रतियोगितामा भाग लिन चाहने इच्छुक विद्यार्थीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

१. निबन्धको विषय :- **'नेपालको संविधान र संघीयता कार्यान्वयनमा प्रदेशको भूमिका"**
२. निबन्ध बढीमा एक हजार शब्दको हुनुपर्नेछ ।
३. निबन्ध स्पष्ट बुझिने गरी नेपाली भाषामा लेखिएको हुनुपर्नेछ (हस्तलिखित वा टाइप दुवैलाई मान्यता दिइनेछ)।
४. रचना मौलिक हुनुपर्नेछ। रचना मौलिक हो भन्ने कुरा अनिवार्य रुपमा विद्यालय/कलेजले प्रमाणित गरी पठाउनु पर्नेछ।
५. निबन्ध यही मिति २०८१ भाद्र २५ गतेभित्र मन्त्रालयको पत्रचार ठेगानः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर वा इमेल ठेगानाः info.moial@koshi.gov.np मा आइपुग्ने गरी पठाउनु पर्नेछ (भाद्र २५ गते पछि आएको निबन्धलाई प्रतियोगितामा समावेश गराइने छैन) ।
६. निबन्ध प्रतियोगितामा कक्षा ९ देखि स्नातक तहसम्म अध्ययन गरिरहेका विद्यार्थीहरूले भाग लिन सक्नेछन्।
७. निबन्ध प्रतियोगितामा उत्कृष्ट निबन्धहरूलाई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार दिइनेछ।निबन्ध पछि जर्नलमा समेत प्रकाशन गरिनेछ ।

**नोटः** थप जानकारीको लागि यस मन्त्रालयका अधिकृत आठौं श्री सदानन्द भट्टराई (मो.नं. ९८४१५९४९९३) संग सम्पर्क राख्न सकिनेछ ।

.....................

कमल बहादुर थापा

नि. प्रदेश सचिव

नि. प्रदेश सचिव